स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



सौरभ चौधरीको निर्देशनमा तयार भएको फिल्म "कर्मा"मा पहिलो पटक अभिनेता विपिन कार्की र अभिनेत्री उपासना सिंह ठकुरीले जोडी भएर काम गरेका छन् । केही हप्ताअघि विपिनको क्यारेक्टर लुक्स सार्वजनिक भएपछि धेरैमा उपासनाको लुक्सलाई लिएर चासो बढेको थियो । मंगलबार उनको पनि क्यारेक्टर पोस्टर सार्वजनिक गरिएको छ ।

**आजको विचार...**



गणतन्त्रलाई... (दुई पेजमा)

दुर्गा प्रसाद अर्याल

(दुई पेजमा)



भारतीय रियालिटी शो "झलक दिखला जा-९" र "डीआईडी लिटिल मास्टर-३"को उपाधि जितेर ठूलो चर्चा कमाएकी नेपालकी तेरिया फौजा मगरले अब फिल्ममा आफ्नो अभिनय क्षमता अजमाउने भएकी छन् । उनले "मितज्यू" फिल्मबाट अभिनय करिअर सुरु गर्न लागेकी हुन् । बुधबार निर्माण टिमले एक पोस्टरमार्फत उनी मुख्य अभिनेत्रीको रुपमा फिल्ममा भित्रिएको जानकारी गराएको हो । रियालिटी शोबाट चर्चामा आएपछि तेरियालाई धेरै नेपाली फिल्मबाट अभिनयको प्रस्ताव पुगेको थियो । तर, उनले कुनैमा काम गर्ने इच्छा देखाइनन् ।

❒ वर्ष ३० ❒ अंक २२८ ❒ २०८१ फागुन २९ गते बिहीबार 13 March 2025, Thursday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# सद्भाव र प्रेमको पर्व होली मनाइँदै

## आज पहाडी र हिमाली जिल्लामा सार्वजनिक विदा

**रामचन्द्र रायमाझी**

**पाल्पा, फागुन २८/** सद्भाव, प्रेम र हर्षोल्लासका साथ मनाइने फागु वा होली पर्व आज पाल्पासहित पहाडी र हिमाली जिल्लाहरुमा हर्षोल्लासका साथ मनाइँदै छ । हरेक वर्ष फाल्गुण शुक्ल पूर्णिमाको दिन पहाडी तथा हिमाली जिल्लामा र त्यसको भोलिपल्ट तराई तथा भित्री मधेसका जिल्लाहरूमा वसन्त ऋतुका अनेक रङहरूलाई प्रतिविम्बित गर्ने पर्वका रूपमा होली पर्व हर्षोल्लासपूर्वक मनाउने गरिन्छ ।

असत्यमाथि सत्यको, अन्यायमाथि न्यायको र दुराचारमाथि सदाचारको विजय भएको खुसियालीमा मनाइने होली पर्वमा सम्पूर्ण रिसराग परित्याग गरी प्रेमभाव र आत्मीयताका साथ आफन्तजन एवं साथीसङ्गीहरूसँग एकापसमा अबिर तथा रङ दलेर रमाइलो गर्ने परम्परा रहेको छ ।यो पर्वले हरेक वर्ष वसन्त ऋतुको आगमनसँगै आपसी मेलमिलाप र सद्भावनाको सन्देश लिएर आउने गर्दछ । वसन्त ऋतुको



आगमनलाई स्वागत गर्न भनेर फागुन शुक्ल अष्टमीदेखि पूर्णिमासम्म होली खेल्ने परम्परा छ । होलिकै भोलिपल्टबाट ऋतुराज वसन्तको आगमन हुने विश्वास रहेको छ । विशेषगरी, तराईमा विशेष उल्लासका साथ मनाइने होली पछिल्लो समयमा पहाडमा पनि नाचगान गरेर, साथीभाइ एकआपसमा मिलेर मनाउने गरिन्छ । आज गाउँदेखि सहरसम्मका केटाकेटी, युवायुवती तथा प्रौढहरू हातमा रङ र रंगीन घोल पदार्थ लिएर गाउँदै, बजाउँदै, रमाइलो र होहल्ला गर्दै आपसी रिसईबीलाई बिर्सेर उत्साह र उमङ्गका साथ मनाउँदै छन् । विशेष सांस्कृतिक कार्यक्रमहरू र त्यसमाथि रङहरूको वर्षाले सहरको होली अझै रमाइलो र राम्रो देखिन्छ । होलीमा पानी छ्याप्ने, अबिर, केशरीलगायत रङ लगाउने चलन छ ।

**हट्दै छ होली पर्वमा हुने विकृति**

होलीमा देखिने गरेको विकृति केही वर्षयता भने हटेर सभ्य बन्दै गएको देखिएको छ । होली पर्व सुरु हुनु अगावै अरुलाई लोला हान्ने, पिच्कारीले भिजाउने, सडकमा काम विशेषले हिंड्नेलाई इच्छा विपरित रङ लगाउने जस्ता क्रियाकलाप केही वर्ष यता कम हुँदै गएको देखिन्छ भने यो वर्ष यस्ता क्रियाकलाप निकै कम देखिएको छ । केही वर्ष अघिसम्म फागुन शुक्ल अष्टमीदेखि नै लोला हान्ने प्रवृत्ति थियो । तर, विगत चार/पाँच वर्ष यतादेखि फागु पर्वलाई अनुशासित भएर मनाउने गरिएको पाइन्छ ।आसुरी शक्तिकी द्योतक होलिकालाई आगोले भस्म गरी सत्यवादी भक्त प्रल्हादको उद्धारको कथा, भगवान् कृष्ण र नग्न अवस्थामा गोपिनीले नुहाउँदाको प्रसंग तथा कामदेव र रतीको प्रेमकथालगायतका प्रसंग होलीसँग जोडिएको कुरा धार्मिक ग्रन्थमा उल्लेख छ । नेपाल, भारत र अन्य राष्ट्रमा हिन्दू तथा गैरहिन्दूहरूका लागि होली महत्वपूर्ण पर्व हो । होली पर्व खासगरी नेपाली तथा भारतीयहरूले प्रत्येक वर्षको फागुन शुक्ल पूर्णिमाका दिनमा मनाइने प्रमुख चाड हो । हिन्दू संस्कृतिअनुसार यसको इतिहास त्रेता युगसँग जोडिएको छ । त्रेता युगमा भगवान् विष्णुका परम् भक्त पह्लादसँग यस चाडलाई जोडेर हेरिन्छ । हिरण्यकश्यपुका पुत्र पह्लादलाई आफ्नै बहिनी (प्रल्हादकी फुपू) होलिकाले आगोमा भष्म पार्न लाग्दा होलिका आफैं आगोमा भष्म भएकी थिइन् र विष्णु भक्त प्रल्हादलाई केही नभएको त्यही दिनको सम्झनामा होली पर्व मनाउन सुरु भएको मानिन्छ । वास्तवमा भन्ने हो भने होलीले मानिस अनि रंगहरूबीचको सम्बन्ध अनि रंगले पार्ने उत्साहजनक प्रभाव पार्छ भन्ने मान्यता राखिन्छ । होलीका दिन मानिसहरूले एक-अर्कामाथि विभिन्न प्रकारका रंगहरू हालेर एक-अर्कालाई रंगीन बनाउँछन् । यो चाडमा विशेष गरी थकालीहरू रङ्गी बिरङ्गी पोसाकमा सजिएर स-परिवार भेला भई तिर हान्ने प्रतियोगिता गर्छन् । होलीको अवसरमा सरकारले सार्वजनिक विदासमेत दिएको छ ।

*-बाँकी अन्तिम पेजमा*

**संक्षिप्त समाचार**

### आक्रमणमा ४ जनाको मृत्यु

**(रासस/सिन्ह्वा)**

**गाजा(जेरुसेलम), फागुन २८/**गाजा पट्टीमा विगत एक दिनमा इजरायली आक्रमणमा चार जनाको मृत्यु भएको छ भने १४ जना घाइते भएको प्यालेस्टिनी एन्क्लेभका स्वास्थ्य अधिकारीहरूले मंगलबार बताएका छन् ।

स्वास्थ्य अधिकारीहरूले आक्रमणको स्थान खुलाएका छैनन् । प्यालेस्टिनी मिडियाले मंगलबार मध्य गाजाको नेत्जारिम करिडोरमा ड्रोन आक्रमण भएको रिपोर्ट गरेको छ । आधिकारिक प्यालेस्टिनी समाचार एजेन्सी वाफाले पनि गाजा शहरमा इजरायली बमबारी, दक्षिणी गाजा पट्टीको खान युनिसको पूर्वमा नागरिकहरूलाई लक्षित गरी हवाई आक्रमण र रफाह शहरको पूर्वमा अल-शौका सहरमा इजरायली आक्रमणहरू रिपोर्ट गरेको छ । इजरायली सेनाका प्रवक्ताले एक विज्ञप्तिमा उल्लेख गर्नुभयो,"मध्य गाजामा प्यालेस्टिनी लडाकूहरू विरुद्ध ड्रोन आक्रमण गरिएको थियो, जब आईडीएफ (इजरायल रक्षा बल) सेनाको लागि खतरा पैदा गर्ने शङ्कास्पद गतिविधिमा संलग्न धेरै लडाकूहरू पहिचान गरिएको थियो ।

## गुल्मीमा एक पुरुषको शव फेला



**गुल्मी, फागुन २८/**जिल्लाको मदाने गाउँपालिका -४ झार्किसल्लास्थित ढोरपाटन सडक खण्ड नजिकैको भिरमा एक पुरुषको शव फेला परेको छ । प्यूठानको झिमरुक गाउँपालिका-२ बाँदीकोटका २५ वर्षीय प्रकाश सामत मृत अवस्थामा फेला परेका हुन् ।

बेवारिसे अवस्थामा फेटिएका उनको शव प्रहरीले पहिचानका लागि सबै तिर खबर गरेको थियो । खबर गरेलगत्तै मृतक सामतको परिवार सम्पर्कमा आएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक ( डीएसपी) चिरञ्जीवी दाहालले बताए । मृतक सामत १४ फागुन रातिदेखि परिवारको सम्पर्कमा नरहेको प्रहरीले जनाएको छ । के कारणले मृत्यु भएको भन्ने बारेमा खुलेको छैन । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

**सूचना**

***होली पर्व २०८१** को पावन अवसरमा हाम्रा ग्राहकवर्ग, विज्ञापनदाता, पत्रकार, शुभचिन्तक तथा कर्मचारीहरूमा **हार्दिक शुभकामना** व्यक्त गर्दछौं । होलीको अवसरमा फागुन २९ गते बिहीबार दैनिकको कार्यालय बन्द हुने हुँदा हाम्रो आगामी अंक चैत्र २ गते शनिबारमात्र प्रकाशन हुने समेत जानकारी गराइन्छ । सं.*

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

## सरकारले भ्रष्टाचारीको संरक्षण गरेको प्रचण्डको आरोप

**बुटवल, फागुन २८/** पूर्वप्रधानमन्त्री एवम् नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले वर्तमान सरकारले भ्रष्टाचारीको संरक्षण गरेको आरोप लगाएका छन् । बुधबार बुटवलमा आयोजित मगर राष्ट्रिय मुक्ति मोर्चा नेपालको राष्ट्रिय सम्मेलनलाई सम्बोधन गर्दै उनले यस्तो आरोप लगाएका हुन् ।




अहिलेको सरकार राम्रो गर्नेलाई देखि नसक्ने, आफ्ना मान्छे जतिसुकै भ्रष्टाचारी भए पनि संरक्षण गर्ने गरेको प्रचण्डले लगाए । आफ्नो पार्टी नेतृत्वको सरकारले कृषि मल आपूर्ति सहज बनाएकोमा अहिले फेरि पुरानै अवस्था देखिन थालेको उल्लेख गर्दै अध्यक्ष प्रचण्डले समयमै विद्यार्थीको हातहातमा पाठ्यपुस्तक पुऱ्याउन गरेकोमा अब यसमा पनि समस्या आउन थालेको बताए । उनले अहिलेको सरकारले जनताले पाएको सुधारसँगै संविधानले दिएको अधिकार पनि खोस्न खोजिरहेको तर त्यो संभव नभएको बताए । तथाकथित संविधान संशोधनमार्फत जनताको अधिकार खोस्न खोजे पनि यो उनीहरुका लागि सपना मात्रै भएको र जनताको तागतले यसलाई रोक्ने उल्लेख गर्दै उनले लाखौं जनता एक ठाउँमा उभिने हो भने भ्रष्टराजको अन्त्य गरी समाजवादी क्रान्ति अघि बढाउन सकिने बताए । प्रचण्डले कांग्रेस र एमालेको रोग माओवादीमा पनि लागेकाले उपचारका लागि जनतामा गएको समेत बताएका छन् । 'कांग्रेस र एमालेसँग समीकरण गर्दा उनीहरूको रोग अलिअलि हामीमा पनि सऱ्यो । जनयुद्धमा जस्तो जनताको एजेण्डा छोड्दै जाँदा माओवादी कमजोर भयो । यो रोगबाट कसरी मुक्ति पाउने भन्ने विषयमा केन्द्रीय समिति बैठकमा गम्भीर समीक्षा भयो', उनले भने, 'यो रोग अब कुनै जनतामा गएर मात्र सम्भव छ भन्ने निष्कर्ष निकाल्यो । त्यसपछि फेरि हामी जनतामा गयौँ । अहिले पूर्व-पश्चिम हुलाकी मार्ग केन्द्रित अभियान चलाइ राखेका छौँ ।'

प्रचण्डले बुधबार नै रुपन्देहीको ओमसतिया गाउँपालिका-६ मा रहेको रामजानकी जमुहानी कुटीको पोखरी सुन्दरीकरण कार्यक्रमको शिलान्यास समेत गरे । उनले हुलाकीमार्गका नागरिकहरु पूर्वाधार, शिक्षा स्वास्थ्यलगायतका क्षेत्रमा पछि परेको उल्लेख गर्दै नयाँ जागरणका लागि माओवादी केन्द्र हुलाकीमार्ग केन्द्रित अभियानमा रहेको बताए । पूर्वाधार विकास आयोजनाअन्तर्गत ८८ लाखमा जमुहानीमा रहेको रामजानकी मन्दिर तथा कुटीको पोखरी सुन्दरीकरण तथा पार्क निर्माण हुँदैछ । पार्क निर्माणपछि यस क्षेत्रको पर्यटकीय विकासमा सहयोग पुग्नेमा अध्यक्ष दाहालले विश्वास व्यक्त गरे । त्यसअवसरमा अध्यक्ष दाहालसँगै पूर्वअर्थमन्त्री वर्षमान पुन, पूर्वकृषिमन्त्री चक्रपाणि खनालगायत माओवादीका नेताको उपस्थिति थियो ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

## सम्पादकीय

# मर्यादित भएर होली पर्व मनाऔं

फागु अर्थात होली पर्व आज पहाडी एवं हिमाली जिल्ला र भोली तराईका जिल्लामा हर्षोल्लासका साथ एकआपसमा रङ खेली आपसी सद्भाव साटेर मनाइँदै छ । वसन्त ऋतुको आगमनसँगै आपसी मेलमिलाप र सद्भावनाको सन्देश लिई आउने फागु पर्व असत्यमाथि सत्यको विजयको प्रतीक, पारिवारिक एवं सामाजिक एकताका रुपमा मनाउने प्रचलन रही आएको छ । विभिन्न थरीका रंगले खुसी अनि जीवन रंगीन बनाउने, हिन्दूहरूको प्रमुख पर्वको रुपमा रहेको होली पर्व हिन्दू संस्कृतिमा प्रत्येक वर्षको फागुन शुक्ल पूर्णिमाको अर्थात् होली पूर्णिमाको दिन मनाइन्छ । अन्य ठूला-ठूला चाड जस्तै रमाइलो गरी मनाइँने होली नेपाल, भारत तथा अन्य राष्ट्रमा रहेका हिन्दूहरूको एउटा महत्वपूर्ण चाड हो । हिन्दू धर्म मान्नेहरुको बाहुल्य भएको नेपालमा होलीको रौनक पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म भव्य हुन्छ ।

विसंगतिहरूलाई उडाउँदै नयाँ वर्षको सुखद शुभारम्भ होलीको दिनबाट हुन्छ । होलीले समाजमा आपसी रिस, द्वेष र वैमनस्यताहरूलाई बिर्साएर सद्भाव र मेलमिलापका साथ अगाडि बढाउने मान्यता छ । यद्यपी होलीको नाममा कसैको इच्छा विपरीत रङ छ्याप्ने, लोला हान्ने, फोहोर पानीमा मोबिल लगायत वस्तु राखेर बाटोमा खेल्ने गरिन्छ । यो चाँहि राम्रो होइन् । यस्ता गतिविधिले संस्कृतिको जगेर्ना नभई बदनामी मात्र गर्दछ । देश भित्र बसोवास गर्ने अधिकांश समुदायको साँस्कृतिक पर्वका रुपमा रहेको होलीलाई मनोरञ्जनका रुपमा मात्र मनाउँदा विकृतपूर्ण बन्दै गएको छ । यसका लागि युवावर्ग सचेत हुन आवश्यक छ । जहाँ, जसरी मनाउने गरे पनि आखिरमा यसपर्वको उद्देश्य एकआपसमा भाइचारा बढाउने, असत्यमाथि सत्यको विजय, खुसीयाली बाँड्नु नै हो । यसर्थ पर्वको नाममा भित्रिएका विभिन्न खालका नकारात्मक विकृति विसंगतिको अन्त्य गर्दै सकारात्मक सोंचका साथ निःस्वार्थ भावनाले आफ्नो घरपरिवार, आफन्त, साथीभाइ, छिमेकी एक आपसमा हाँस्दै, रमाउदै माया, प्रेम साटासाट गरेर मर्यादित तरिकाले यस वर्षको होली पर्व मनाऔं ।

## Opinion @ Social Network

जीवन परीक्षा हो, जहाँ अनुभव नम्बरभन्दा महत्वपूर्ण हुन्छ।

*(शिव ढकालको फेसबुक स्टाटस https://www.facebook.com/dhakal.shiva02)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगइन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# गणतन्त्रलाई सुधार्ने की पूर्व राजाको विरोध गर्ने ?



दुर्गा प्रसाद अर्याल
durga.p.aryal@gmail.com

केहि न केहि उथल पुथल भैरहने नेपालका फेरि केहि दिन अगाडि साशन व्यवस्था नै परिवर्तनको झल्को दिने गरी पूर्व राजा, सो सँग सम्बन्धित केहि राजनीतिक दल र उनका समर्थकले सडक पदर्शन गरे । यसका समर्थकहरु यसबाट हौसिय भने यसको विरोध गर्ने विशेष गरेर गणतन्त्रवादी राजनीति दल र सरकारलाई भने सच्चिनु पर्ने सन्देश दिन सफल भएको देखिन्छ । राजनीतिक नेतृत्वको अधिकासं समय यसको चर्को आलोचनामा बित्यो तर हामीबाट कतै कार्य शैली र कार्य व्यवहारमा भएको कमजोरीका कारण राजाप्रति दिनप्रति दिन समर्थन बढ्दै गरेको कुरामा भने कतै समिक्षा गरेको देखिएन । मात्रै देखियो राजा र यिनका समर्थकको विरोध र त्रुटी खोज्ने कार्य । राजनीतिक दल र तीनका नेतृत्व बेलैमा सच्चिएन भने फेरि एक थान व्यवस्था ल्याउने आन्दोलन धेरै टाढा देखिदैन् । आम वृतमा भने राजा फाल्न सक्नेले ल्याउन पनि सक्दछन् त्यसैले नेपालका राजनीतिक नेतृत्व बेलैमा सच्चिएर जनताको साशन मानिने गणतन्त्रलाई सुधार र परिमार्जन गरेर अगाडि बढ्नु जरुरी रहेको देखिन्छ । गणतन्त्रलाई अलोकप्रिय र आलोचनायुक्त बनाउने पक्ष, कार्य शैली र व्यवहारमा हरेक पक्षबाट सुधार हुन जरुरी देखिन्छ । गणतान्त्रिक साशन व्यवस्थाको कमी कमजोरी हटाई जनमुखी बनाउने की राजा र यीनको समर्थकको संख्या बढाउने वा हौसाउने यीनै राजनीतिक दलको हातमा रहेको छ । यहाँ यसैसँग सम्बन्धित विविध पक्षलाई लिएर चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।

जनताको छोरो राज्य सञ्चालनको सर्वोच्च निकायमा पुग्ने सबै भन्दा उत्कृष्ट साशन व्यवस्था मानिने गणतन्त्र सञ्चालनको छोटो समयमै जनतामा यो लोक प्रिय हुन् सकेको देखिदैन् । विशेष गरेर साशन व्यवस्था सञ्चालन गर्ने राजनैतिक दलको कार्य शैली र कार्य व्यवहार यसको मुख्य कारण बन्न पुगेको देखिन्छ भने गणतन्त्रको विकल्प राजतन्त्र पनि नेपालका लागि त्यति नजिक देखिदैन् । राजा विरेन्द्र शाह र उनको परिवारको बंश नाश हुने गरी भएको हत्या काण्डपछि नेपाली जनतामा राजसंस्था प्रतिको आस्था र विश्वासमा कमी आएको कुरामा दुईमत रहँदैन् । पूर्व युवराज पारस शाहको विगत र उनले गर्ने क्रियाकलापका कारण पनि पूर्व राजा ज्ञानेन्द्र र उनका परिवार प्रति पनि आस्था र विश्वासमा कमी देखिन्छ । तर पूर्व राजाले आफ्नो अभिव्यक्ति दिदैमा, समर्थकले भेला, सम्मेलन र जुलुस निकाल्दैमा गणतन्त्रका साशन व्यवस्था हाकी रहेका राजनीतिक नेतृत्व उनको विरोध र क्रियाकलापमा रोक लगाउने सम्मका अभिव्यक्ति दिदै समय खर्च गर्नु मुर्खता हो । उनीहरु राजालाई दोष दिन हैन् गणतन्त्रमा देखिएका कमी कमजोरी हटाउन र यसलाई बलियो बनाउने कार्यमा लाग्नु पर्ने देखिन्छ । देशलाई अस्थिरता बनाउने, अस्थिरतामा रमाउने देशी विदेशी तत्वका कारण नेपालमा केहि न केहि अस्थिरताका कार्यहरु भइरहेको देखिन्छ । पूर्व राजावादी समूहले वि.स २०६२/०६३ को जनआन्दोलनपछि

> *जनताको छोरो राज्य सञ्चालनको सर्वोच्च निकायमा पुग्ने सबै भन्दा उत्कृष्ट साशन व्यवस्था मानिने गणतन्त्र सञ्चालनको छोटो समयमै जनतामा यो लोक प्रिय हुन् सकेको देखिदैन् । विशेष गरेर साशन व्यवस्था सञ्चालन गर्ने राजनैतिक दलको कार्य शैली र कार्य व्यवहार यसको मुख्य कारण बन्न पुगेको देखिन्छ भने गणतन्त्रको विकल्प राजतन्त्र पनि नेपालका लागि त्यति नजिक देखिदैन् । राजा विरेन्द्र शाह र उनको परिवारको बंश नाश हुने गरी भएको हत्या काण्डपछि नेपाली जनतामा राजसंस्था प्रतिको आस्था र विश्वासमा कमी आएको कुरामा दुईमत रहँदैन् । पूर्व युवराज पारस शाहको विगत र उनले गर्ने क्रियाकलापका कारण पनि पूर्व राजा ज्ञानेन्द्र र उनका परिवार प्रति पनि आस्था र विश्वासमा कमी देखिन्छ । तर पूर्व राजाले आफ्नो अभिव्यक्ति दिदैमा, समर्थकले भेला, सम्मेलन र जुलुस निकाल्दैमा गणतन्त्रका साशन व्यवस्था हाकी रहेका राजनीतिक नेतृत्व उनको विरोध र क्रियाकलापमा रोक लगाउने सम्मका अभिव्यक्ति दिदै समय खर्च गर्नु मुर्खता हो । उनीहरु राजालाई दोष दिन हैन् गणतन्त्रमा देखिएका कमी कमजोरी हटाउन र यसलाई बलियो बनाउने कार्यमा लाग्नु पर्ने देखिन्छ ।*

राजनीतिक नेतृत्वले पाच बुँदे सहमती गरेको भन्ने कुरा पनि बाहिर ल्याएका छन् त्यसको यथार्थता के हो ? त्यस बारे पनि राजनीतिक दलहरुले प्रष्ट पार्नु पर्ने जरुरी देखिन्छ ।

**गणतन्त्रमा सुधार गर्नु पर्ने पक्षहरुः**

पूर्व राजा ज्ञानेन्द्र र उनका समर्थकको दिनप्रति दिन समर्थन बढ्दै गइरहेको अनुभुती गर्न सकिन्छ । यो किन बढी रहेको छ ? गणतन्त्रवादीहरुले राम्रोसँग विश्लेषण र बहस गर्नु पर्ने प्रश्न उठेको देखिन्छ । एउटा राजा फालेर गणतन्त्रवादीले संयौ राजा उत्पादन गरे भन्ने आम जनतामा आरोप लागि रहेको छ । एक तानशाहका ठाउँमा संयौ तानशाह तयार भयो, व्यक्तिवादी प्रवृत्ति र स्वेच्छाचारी व्यवहार बढ्दै गयो । राज्य हरेक पक्षबाट कमजोर हुँदै गयो । अन्तर्राष्ट्रिय जगतमा नेपाललाई हेर्ने प्रवृत्तिमा भिन्नता आयो । राष्ट्रियताका कुराहरु भाषणमा मात्रै सिमित रहयो । सत्ता र राजनीतिक स्वार्थका लागि विधि मिचाँईको श्रृखला चलिरहयो । देशको विदेश नीतिमा दल, सरकार र राजनीतिक नेतृत्व अनुसार फरक फरक हुँदै गयो । बहुसंख्यक नेपालीले प्रदेश संरचना खारेजको माग गरिरहेका छन् तर राजनीतिक नेतृत्व देश आर्थिक रुपमा कमजोर होस् तर राजनीति कार्यकर्ता व्यवस्थापनका लागि तयार गरिएको यो संरचना खारेजी गर्न तयार देखिदैनन् । आवश्यक ऐन नियम तत्काल बनाउन नसक्दा भएका सरकारहरुले जनतालाई अनुभुति गर्ने गरि कार्य गर्न सकेको देखिदैन् । राजनीतिक अधिक हस्तक्षपका कारण राज्यका अंग र निकायहरुले कार्य गर्न सकेको देखिदैन् । असमानुपातिक बजेट निर्माण र विकासले तिव्रता पाएको देखिन्छ । केहि सिमित वर्ग रमाउने, अवसर लिने प्रवृत्ती बढ्दै गएको देखिन्छ । भष्ट्रचार र बेथिती मौलाउदै गएको देखिन्छ । कमसिन र आवश्यक अनुगमनको अभावमा विकास निर्माण गुणस्तरीय र समयमै बन्न सकेको देखिदैन् । वैदेशिक रोजगारी लगाएत विभिन्न वहानामा विदेशीने दर अत्याधिक बढ्दै गएको छ ।

देश, गाउँ र घरहरु युवा विहिन हुने अबस्था सिर्जना भएको छ तर यसलाई नियन्त्रण र व्यवस्थित गर्ने कुरामा सरकारहरु बेखवर जस्तै देखिन्छन् । गणतन्त्रमा पनि जनताको भावना विपरीत कार्य भइरहेकै देखिन्छ । संसदका अधिकाश समय आरोप प्रत्यारोपमै वितेको देखिन्छ । सत्ता चलखेलका लागि राजनैतिक नेतृत्वले गर्ने व्यवहारबाट जनताबाट राजनीतिक नेतृत्वले विश्वास र नैतिकता गुमाउदै गएको देखिन्छ । आर्थिक रुपमा देश कमजोर बन्दै जानु, आर्थिक बेथिती र वित्तीय अनुसाशनमा ध्यान दिन नसक्नु, राज्यको व्ययभार बढाउने कार्य मात्रै गर्नु, राजनैतिक हस्तक्षेप र राजनीतिकरणले प्रसंय पाउनु । यी केहि गणतन्त्रमा देखिएका विकृत पक्ष र जसले गणतन्त्रप्रति जनतामा विश्वास र आस्थामा कमी ल्याउदै लगेको देखिन्छ भने पूर्व राजा र देशलाई अस्थिरतामा बनाउने तत्वलाई हौसाउदै लगेको देखिन्छ ।

**निष्कर्ष :**

गणतन्त्रको विकल्प गणतन्त्र नै हो । राजनीतिक नेतृत्वको कार्य शैली र व्यवहारलाई लिएर सिंगो साशन व्यवस्थालाई दोष दिने र असफल बनाउने छुट कसैलाई छैन् । देश तिव्र विकास र जनताको जीवनस्तर सुधारको कल्पना गरेका आम नेपाली फेरि एक थान व्यवस्थाका लागि आन्दोलन र देशमा अस्थिरता चाहदैनन् यो कुरा गणतन्त्रका राजनीतिक नेतृत्वकर्ताले बुझ्न जरुरी देखिन्छ । राजाको आवाज बन्द गर्न हैन गणतन्त्रमा देखिएका कमी कमजोरीको अन्त्य गर्दै गणतन्त्रलाई वास्तविक जनताको साशन व्यवस्था बनाउन सकेमा यसको विपक्षमा देखिएका आवाज र क्रियाकलाप क्रमशः घट्दै जाने कुरामा दुईमत रहँदैन् । गणतन्त्रलाई संकाउने की सच्याउने देश सञ्चालनका नेतृतवकर्ताकै हातमा रहेकोले सम्बद्ध पक्षले बेलैमा ध्यान दिन जरुरी छ ? ***(लेखक अर्थशास्त्रका प्राध्यापक समेत हुन् ।)***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : व्यवसाय मनग्य लाभ रहनेछ। सन्तानको प्रगतिले मन हर्षित रहनेछ। | **तुला** : नयाँ अवसर प्राप्त हुने संकेत छ। पारिवारिक सुख मिल्नेछ । |
| **वृष** : परिवारमा मनमुटाव रहन सक्ला। आर्थिक अवस्था सामान्य रहनेछ। | **वृश्चिक**: धेरै सोच्नाले अवसर गुम्न सक्छ। व्यावसायिक काममा धैर्य राख्नुपर्छ। |
| **मिथुन** : आँटिको कार्यमा सफलता मिल्नेछ। व्यापारमा नयाँ निवेशले लाभ मिल्नेछ। | **धनु** : यात्राका अवसर आउन सक्छन्। प्रेम सम्बन्धमा सुधार हुनेछ । |
| **कर्कट** : आफन्तहरूको साथमा समय बित्नेछ। प्रतिष्ठित कार्य गर्ने अवसर मिल्नेछ। | **मकर** : समय व्यर्थ नफाल्नुहोस् । परिश्रम अनुसार लाभ मिल्नेछ। |
| **सिंह** : बोलिको प्रभावले काम सिद्ध गर्न सकिनेछ।पैसाको लेनदेनमा ध्यान राख्नुहोस्। | **कुम्भ** : धेरै सोच्नाले अवसर गुम्न सक्छ। आर्थिक लाभ प्राप्त हुने सम्भावना छ। |
| **कन्या** : रोजगारबाट लाभ मिल्नेछ। स्वास्थ्यलाई लिएर खानपानमा ध्यान दिनुहोस्। | **मीन** : आत्मबल बढ्नेछ। प्रेम सम्बन्धमा नयापन आउनेछ। सुखद यात्रा हुनसक्छ। |




कथा — सदानन्द अभागी

# खाऊ खाऊ सम्धी पैंचे गास

आज धेरै दिनको अन्तरालमा बेलुकाको घाम डुब्नै लागेको वेला थियो । भीमा पटाहामा बसेर बेलुकाको खाना बनाउने सोचमा थिइन् । घरको अगाडी अटो आएर अडियो । एउटी बूढी महिला अटोबाट ओर्लिइन र हातमा सानो पोको समाउँदै भीमाको घरतिर बढिन् । भीमाका आँखा त्यतैतिर गए । पहिला त को हो को हो बूढा नजरले ठम्याउन गाह्रै लाग्यो । जति जति सीमा घरको नजिक पुग्न थालिन् उति उति भीमालाई चिन्न गाह्रो परेन बरु उनका आँखा खुसीले रसाए ।

उनी सीमालाई चिनेपछि हर्षका आँसु बगाउँदै अंकमाल गर्न पुगिन् । दुबै अङ्कमालमा बाँधिए र दुबैका आँखा बाट आँसु बग्न बाहेक कुनै आवाज निस्केन । भीमाले आफ्ना बाहु अलग्याएर सीमालाई घरतिर डोर्याइन् । दुबै बहिनी पटाहामा पुगेपछि एक आपसमा सञ्चो विसञ्चो सोधनीमा लागे । सीमाले भनिन् -"घरमा को छ र म नै हुम् ,सञ्चै छु ।" सीमाले भीमालाई पनि सोधिनकि यताकस्तो छ भीमाले पनि "भिना र म हो के रे ? सञ्चै छन्" भनिन् । धेरै वर्षपछि तिमीले बाटो बिरायौ । मैले बाटो बिराउन कहिल्यै जानिन । तिमीलाई मात्र आइनौ भनेर के गर्ने म गएको भए पनि हुन्थ्यो क्या रे ! म कहिल्यै घरबाट बाहिर निस्कन पाएको हैन । बस, म चिया पकाएर ल्याउँछु , भोक लागेको होला ? दुई चार दिन बसौली के रे ?" भन्दै भीमा भित्र प्रवेश गरिन् । केही बेरमा नरनाथ आईपुगे । पटहामा सालीलाई देखेर निकै खुसी भए । सालीले उठेर अभिवादन गरिन् । भीमाले चिया लिएर आइपुगिन् । सबै सँगै बसेर चिया पिउने काम भयो । खानपिन भयो । पुसको महिना थियो । नरनाथ खाना खाएपछि विस्तरा तताउन गए । दुबै वहिनी अगेनाको छेउमा बसेर अतितका घटनाक्रमहरू केलाउन थाले । दुबै दिदी बहिनीको उमेर दुई बर्षको अन्तर थियो । भीमा जेठी थिइन् र सीमा कान्छी थिइन् । गाउँको बसो बास थियो । पढ्ने चलन त्यतिवेला थिएन । बाबु पल्टनका लाहुरे थिए र आमाले घरको काम गरेर सासू ससुरालाई सेवा गर्नु र छोराछोरीलाई पालन पोषण गर्नु थियो । निकै कष्ट गरेर आमाले दुई छोरा र दुई छोरीलाई हुर्काइन् । भीमाका हजुरबाले नातिनीको गोडाको जल खाएर मर्न पाए स्वर्ग जाने थिएँ भन्दै छोरालाई छुट्टी लिएर छोरीको विवाह गर्न बोलाए । आफूले केटो खोज्ने काम गरे । केटो पनि टाढा नभएर घरकै नजिकको सोभारामको छोरा नरनाथलाई नातिनी विवाह गरि दिने सोच राखे । भीमाको विवाह आठ वर्षको उमेरमा भयो । नरनाथ पनि ९ वर्षका थिए । विवाह गरेर बनारस गएर पढ्न थाले शास्त्री पास गरेर नेपाल आए । जागिर खाने सोच बनाएनन् उनले कर्मकाण्ड गराउनमा व्यस्त भए । भीमा कहिल्यै एक्लै बस्न परेन । भीमाका दुई भाइ छोरा र एक बहिनी छोरी जन्मिए । छोरालाई अंग्रेजी पढाइयो । स्कुलमा माष्टर बने, सरकारी जागिर खाने इच्छ्या कहिल्यै गरेनन् । माष्टरी पेशामा लाग्दा लाग्दै विवाह भयो, डिभीको लागि फारम भरे र डिभी परेपछि सपरिवार अमेरिका तिर लागे । छोरीको विवाह नजिकैको अधिकृतसँग गरिदिए । छोरी पनि सुखी जीवन बिताइ रहेकी छन् हाल नरनाथका बुढा र बुढी मात्र घरमा छन् । सीमा बढ्दै गइन् आमाकी सहारा बनिन् । बाबुले कान्छी छोरीलाई पल्टनकै लाहुरेसँग विवाह गरिदिने बिचार गरे । आफूलेनै लगेर भर्ना गरिदिएको केटालाई छुट्टिमा लिएर आएर सीमालाई विवाह गरिदिए । उमेरमा दुबैको ठूलो अन्तर थियो । सीमाका सासू ससुराले विवाह भै गयो अव अँगलाभरीकी केटे भगाएर लिएर जाने सल्लाह दिए तर सीमाको श्रीमानले आँट गर्न सकेन । सीमाले सौता वेहोर्न त परेन तर घरकाको बुहार्तन भने निकै भोग्न पर्यो ।

दिन बित्तै गए । सीमाका पनि दुई भाइ छोरामात्र जन्मिए । दुबै बच्चालाई डेहरादूनमा लगेर पढाइयो । राम्रो अध्ययन गरे ।दुबै राम्रो शिक्षा हाँसिल गरें एउटा डाक्टर र एउटा इन्जिनियर भएर भरतमै जागिर खान थाले । दिदीबहिनीले आफ्ना आफ्ना वेदना खोल्दा खोल्दै सीमा एक्कासी रुन थालिन् । भीमा यो देखेर निकै आत्तिदै सोध्न थालिन् -"सीमा किन यसरी रोएको ?" सीमाको अझै जोड जोडले रुन थालिन । भीमाले निकै सम्झाए पछि सीमाले भन्न थालिन -"दिदी तिमी त निकै भाग्य मानी । भिनाजु हुनुहुन्छ । छोरा टाढा भए पनि छोरी त नेपालमै छिन् । मेरो कलकलाउँदो वैंसमा तिम्रा जुवाई भारत पाक युद्धमा मारिए । एउटा छोरो दुई वर्षको थियो । २० दिनको विदा लिएर आएको हुँ, भारतमाथि आक्रमण हुने हल्ला सुनिरहेको छु आजभोली नै आवा आउन सक्छ भन्दै हुनुहुन्थ्यो । साँच्चि नै उहाँ आएको तेस्रो दिन एउटा कागज लिएर आवाको मानिस आईपुग्यो । उहाँले आवा पढ्नुभयो र निधारमा हात लगाएर झोला कस म त जान पर्यो भन्न थाल्नु भयो । यो नै मेरो उहाँसँगको अन्तिम मिलन थियो । झोला बोक्नु भयो आँखाबाट बलिन्धारा आँसुझार्दै छोरालाई राम्रो स्याहार गर्नु, आफ्नो शरीरको पनि ख्याल गर्नु, बाँचे आउने छु मरे यत्तिकै नै अन्तिम मिलन भयो भन्दै झोला बोकेर उहाँ हिड्न थाल्नु भयो म मूर्छा परें छु र घरका परिवार कस्ले मलाई स्यहार गरो मलाई थाहा भएन । उहाँ गोरखपुरमा गएर हाजिर हुनु भयो । दिन बित्तै गए मेरो शरीर पनि डोलिदै गयो । ऋतुदान दिनमात्र उहाँ आउनु भएको रहेछ । समयक्रममा छोरा जन्मो । भारत पाक सीमानामा घमासान युद्ध भयो । बहादुरीको साथमा लड्नु भए छ । निकै शत्रु मार्नु भएछ । शत्रुहरूको वेगलाई रोक्न सफल हुनु भए छ तर अन्तिममा आतङ्ककारीले राखेको वम पड्केर उहाँको शरीर छतविछत भएछ । यस वि.वि.सी. रडियो सुन्ने गर्दथें । दिनको भोक पनि थिएन र रातमा निद पनि थिएन । ज्यान सुक्दै गएको थियो । समय भए पछि पेटको शिशु पनि पृथ्वीमा झरो । त्यो शिशु छोरै थियो । आज एकाविहानै घरको अगाडी कौवा करायो मन निकै डरायो, दिउसो हुलाकीले खाम घागोले बाँधेको पत्र लिएर आयो । त्यो पत्र देख्ने वित्तिकै म वेहोस भएँछु । निकै वेरपछि होसमा आउँदा गाउँलेहरू जम्मा भएका थिए । सासू पनि वेहोस् हुनुहुन्थ्यो भने ससुराले छोराको क्रिया गर्न तयारी गर्दै हुनुहुन्थ्यो । क्रियाकर्म सकियो । विवाह गरेर परिवारलाई साथमा लिएर जागिरमा लाग्यो ।" " दिदी समय वित्तै गयो । कान्छाले पनि पढाई सकाएर घरमा आउँदा त एउटी भारतीय मूलकी केटी देहरादुनबाटै लिएर आयो । बुहारी हो । टिका लगाइ दिनुोस् भन्यो । म अकमक्क परें । के गरुँ के गरुँ भयो । नबोली टिका लगाई दिएँ । नेपाल घुम्न भनेर आएका रहेछन् । घुमे र भारततिरै लागे । आज म वेसहारा बनेकी छु । छैनन् दुई भाइ छोरा छन्, बुहारी छन् तर छन् भनुभने तिनीहरूसँग म कसरी अट्ने ? भीमाले सीमालाई भन्छिन् - "समय परिवर्तनशील छ । हाम्रो समय जस्तो कठोर समय छैन । हामीले भोगेका पीडाहरू आजकाले भोग्दैनन् । प्रेम विवाहमा ठाउँ ठाउँमा ठूला ठूला समस्याहरू पनि देखिएका छन् । तिम्रा मनमा भएका रहरहरू अवस्य मरेर गए । तर छोराहरूको चाहनालाई पनि हामीले ख्याल गर्नुपर्छ । तिमी हामी पुरानो परमपरामा भएकाहरूलाई सहजै परिवर्तन हुन फलामको चिउरा चवाउनु सरह हुन्छ । त्यसो हुँदा सीमा तिमीले छोरालाई आफ्नो परमपरा, आमा बाबुप्रति छोराको दायित्व के हो र जातीय संस्कारलाई भुल्न हुँदैन भन्ने पाठ समयमा पढाउन सकिनौ । अझै पनि केही विग्रेको छैन । अब आजको नयाँ परमपरामा छोरा बुहारीलाई मन पर्ने काम गर्नै पर्छ र तिमी तिम्रा छोरासँग अड्न सक्छेऊ । हो म यो पनि तिमीलाई भन्छु । हाम्रो समाजमा सासू र बुहारीको सुमधुर सम्बन्ध कमै देखिन्छ । त्यसमा पनि तिमीले गहन भूमिका खेल्न सक्नुपर्छ । एउटी नमुना सासू बन्ने प्रयास तिमीले जन्माउनु पर्छ ।" यसरी भीमा र सीमामा लामो गफ भए । भीमाले सीमालाई आफ्नो घरको समस्यालाई पनि लुकाइनन् । उनले जेठी बुहारीलाई बुहारी नभनी छोरी भनेर व्यवहार गरिन् तर पनि सुमधुर सम्बन्ध देखिन धौ धौ भयो । उनले बुहारीलाई थुप्रै कुराहरू दर्शाइन् । तिमीहरूले सासू ससुरालाई सेवा गर्नु भनेको परम लगाउनु हो । त्यो परम तिम्रा छोराबुहारीले तिमीलाई तिर्छन् यदि तिमीहरूले सासुससुरासँग नराम्रो काम गर्नु भनेको तिम्रा छोराछोरीलाई सिकाउनु हो । तिमीले जे सिकाउछ्यौ छोराले त्यही सिक्छन् , तिम्रा पनि दुई छोरा छन् । सीमा मैले जेठी बुहारीलाई भनिदिएँ -"खाउ खाउ सम्धी पैंचा गास"

*-समकालीन साहित्य डटकम*

## डढेलोबाट बचौं र बचाऔं

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानी पूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

**अनुरोधक**
**डिभिजन वन कार्यालय**
**तानसेन, पाल्पा**

क्लासिक निबन्ध — लक्ष्मीप्रसाद देवकोटा

# गधा बुद्धिमान् कि गुरु ?

संसारमा ज्यादा अपहेलित जन्तुहरू उपर सहानुभूति बराबर उम्लेर आउनु स्वाभाविकै कुरा हो र जुगानुजुग बोधोपनको प्रतिनिधि सम्झिएको जनावरलाई देखेर आज मेरो फदयमा अनौठो दया उत्पन्न भइरहेछ ।

जब गुरुले मलाई गाली गर्नुहुन्थ्यो तब यही चौपायाको नाम दिएर मेरो नूर गिराउनुहुन्थ्यो र सहपाठीहरूको खिसीट्यूरीको मर्मभेदी क्रूरता फदयमा बिझ्न जान्थ्यो । कुनै-कुनै मानिस त भन्दछन् कि यसको नाम लिए दिनभरिको धर्म पनि जान्छ रे ! जब मानिसले काम बिराउँछ तब हरेक मालिक यही उपाधिभन्दा राम्रो केही देख्तैन, जसले आफ्नो सेवकलाई शरम र आत्मनिन्दाको भाव उठाउन सकोस् । अंग्रेजीमा गधाजस्तो बोधो भन्ने उखानै छ, तर हिन्दूहरू अरू ज्यादा अवहेलनाको तीव्रता देखाएर 'गधा' भन्ने शब्द अदृश्य विस्मय-चिह्नका साथ नाराजको मुखारबिन्दबाट प्रयोग गर्दछन्, मानौं 'गधाजस्तो बोधोपन' पनि हुँदैन । अनि म सम्झन्छु शेक्सपियर, जसको सहानुभूति सबभन्दा चौडा र कोमल थियो । उनले 'मिड समर नाइट्स ड्रीम' भन्ने नाटकमा निकबटमलाई हास्यपात्र बनाउँदा गधाको टाउको लगाइदिएका छन् । यस्ता उपहास र अवहेलनाका पात्रहरूमा सहानुभूति राख्नु मानवस्वभावको लक्षण भए तापनि आजसम्म कुनै लेखक या कविले यस निर्दोष सहनशील जनावरउपर दयाको फदय नदेखाएको हुनाले मेरो क्षुद्र कलमद्वारा सकभर यस दयनीय पात्रको समर्थन गरूँ भन्ने विचारले आज कलम उठाइरहेछु । तर बस ! मान्छेका स्मृति कति कमजोर हुन्छ । के ष्टिभेन्सनसाहेबले 'गधासँगको सफर' मा मोडेस्टिनउपर प्रचुर सहानुभूति प्रदर्शन गरेका छैनन् र ? मैले गधाको साथ भ्रमण गरेको छैन, ती अनुभवहरू मेरा निमित्त असम्भव छन् किनकि म कट्टर सनातनी हिन्दू उपाध्याय ब्राह्मणलाई गधा छुनुसम्म पनि निषेध । तर सनातनी धर्ममा जत्तिकै क्षुद्र र पतित जन्तुहरू उपर अवहेलनाको दृष्टि देखिए पनि म जान्दछु कि हाम्रा ऋषिहरू फदयशून्य थिएनन् र कृष्णजी जस्ताको वाक्यमा गधा, बाहुन, कुकुर, चाण्डाल, कुन्नि के के हुन् समता राख्छन् रे भन्ने पाउँदा मलाई गधाको उपर सानो व्याख्यान छाँट्न आश्वासन मिल्यो, सनातन धर्मउपर श्रद्धा प्रादुर्भाव भएर । म सोच्तछु कि हामी चलाक हुन खोज्ने मान्छेहरू के वास्तवमा चलाक छौं र ? बुद्धिमत्तामा दावा राख्न चाहनेहरू वास्तवमा बुद्धिमान् छन् त ? मानवमगजको चातुरी बेकाममा खेर गएजस्तो लाग्छ र दुनियाँमा सच्चा गधा (मानव-प्रयोगको अर्थमा) तिनीहरू नै हुन्छन् जो आफूलाई ज्यादा बुद्धिमान ठान्दछन् । सभ्यताको दौडधूपले मनुष्यलाई चौपायाभन्दा तल गिराएजस्तो प्रतीत हुन्छ र प्राकृतिक अवस्थाबाट कृत्रिममा पदार्पण गरेर चक्कराउनु नै सभ्य जनावरहरूको बुद्धिमत्ता ठहर्याइन्छ । सभ्य संस्थाहरूको कारीगरीले मानव-बुद्धि हरहमेशा महती समस्या उठाएर चक्करमा परेझैं हरहमेशा देखिइरहेकै छ र हामी जातिनाशका त्रासहरूमा आइपुगिसक्यौं । जब गधाहरूको नैसर्गिक बुद्धि ठेगानामा रहेर आनन्दसँग आफ्नो क्रिया गर्दैछ, तब हामी गधाहरूभन्दा कति बुद्धिका कक्षामाथि चढ्यौं भन्ने विषय विचार गर्दा, मलाई ती गाली गरिने नामका चौपायाहरू अगाडि घमण्डको ठाडो शिर झुकाउनै पर्दछ । गधा गुरु मानेको भए मेरो दुनियाँमा यत्रो आत्मपतन हुने थिएन, तर मेरो गुरुजीले मलाई यस्ता शिक्षाहरू दिनुभयो, जसले अनन्तको मगजमा बोझा पर्दछ र मानवजाति भूलभुलैयाहरूको अँधेरी चक्करमा घुम्दै हराउँछ । रौंचिरा भेदहरूले बाँध लगाइएका हाम्रा शास्त्रहरूले मान्छेलाई आखिरमा बेकम्मा बनाउँदा रहेछन् भन्ने कुरा त्यस बेला मैले बुझें, जब तिर्मिराउँदा आँखाहरू अन्धा भएर काला अक्षरका अत्याचारमा मानवआत्मा प्राकृत सत्यको अभावले सङ्कुचित हुन लाग्यो ।

मानवदर्शनहरू भुमरी खेल्दैछन् तर प्रकृतिको सीधा सत्य ताजा हावमा झल्किरहेछ । मैले गुणन र भागहरूले के पाएँ जब म पढाइ र अन्वेषणको पुछारमा खालि शून्यता र अन्धकारको कालो कुइरो मात्र पाउँछु ! मलाई यस्तो लाग्यो कि संसार नबुझ्नु नै ज्यादा हो र विद्वत्ता, पाण्डित्य भनेको त्यस मूर्खताको नाम हो, जसले खालि शब्दाडम्बरको तुरही दुनियाँमा बजाउँछ । हामीले बेत खायौं, गधाको उपाधि पायौं र थुकियौं, तर हाम्रा गुरुजीले हामीलाई कति गधाजस्तो बनाइरहनुभएको थियो, त्यो जान्ने या त फदयभित्रको आत्मा होला, या स्वर्गमाथिको परमेश्वर । मलाई यस्तो लाग्दछ कि मानवजाति संसारभरको अन्धो र अभागी जाति हो । ऊ ज्ञान खोज्दछ र हरहमेशा अज्ञानमा रहन्छ र साधारण विवेक छाडेर कुकुरकै पुच्छर सोझ्याउने काममा लाग्दछ । मानिसले ज्ञानको वृक्षको तीतो फल चाखेर धूर्तता जान्यो, तर के फाइदा भयो ? हामी अन्त:करणको टुङ्ग्याइमा हरहमेशा रहन्छौं भने अन्त:करण पाउनु नै कर्तव्याकर्तव्यको नाटीकुटी बढाउनु नै के हाम्रो भस्माभुटीको चिह्न होइन ? घाँस खानेले प्रकृतिको पथ छोडेन, तर अन्न खाने पाप र धर्मका उपर रौं केलाइ गर्दा-गर्दै अधमुण्टो लागेर नरकमा हामफाल्दो छ ।

संसारमा धनको लोभ गर्ने मानिसको शिरमा चक्र घुमिरहेछ । तर निरूत्तरदायित्वको मजा चाख्ने बुद्धिमान् आनन्दसँग झोक्रिएर बीचबीचमा मानवजातिका सभ्यतालाई हँस्सी उडाउने 'ही ही ह ह !' को शब्दको स्वतन्त्र उद्गार गरिरहेछ । उसलाई यसराजले दण्ड दिने बाटो छैन, चित्रगुप्तले बहीखाता पल्टाएर सोध्ने कुरा छैनन् । तर को बुद्धिमान् ? दुनियाँ मगजमा बोझा बोक्ने र सहज बुद्धि त्यागेर अन्त:करणको दर्शन स्वीकार गर्ने मानव कि निरूत्तरदायी सन्तोषमा बेदर्शनी अन्त:करणशून्यताको वरदान प्रकृति र परमेश्वरसँग माग्ने, हाम्रा बुद्धू ठानिएका चारखुट्टे दार्शनिक ! हामी असन्तुष्ट विद्यार्थीहरू गुरुजीसँग नम्र प्रश्न गर्दछौं- हाम्रो मानव नाटीकुटी र अनन्त वेदनाको तीनपुछ्रे शास्त्र गधाभन्दा कति उपर होलान् ? के त्यो दार्शनिक होइन जो मानवसेवा गर्दछ, तर पछिलाई कुमारीचोकको बहीखाता राख्तैन, जो प्रकृतिको नदेखिने औंलाको इशाराले हिंड्न जान्दछ र शिरमा भैंचाले धरापको चक्कर नराखेर रौरव र गौरव दुवैबाट बच्तछ ।

*-साहित्यपोष्ट डटकम*

## पूर्वखोला गाउँपालिकाको अनुरोध

- ➢ सार्वजनिक सम्पत्ति ऐतिहासिक, पुरातात्विक तथा धार्मिक सम्पदाको संरक्षण गरौं ।
- ➢ खानोपानीका मुल मुहानहरुका संरक्षण गरौं ।
- ➢ वन जंगलमा आगलागी हुन नदिन सावधानी अपनाऔं ।
- ➢ आफ्नो घर-आँगन वरपर सधै सफा र स्वच्छ राखौं ।
- ➢ कुनै सामान वा बस्तु खरिद (किन्दा) लेवल हेरेर म्याद रहे-नरहेको एकिन गरेर मात्र खरिद गर्ने बानी बसालौ ।
- ➢ म्याद गुज्रेका (Date Expiry) सडेगलेका सामाग्रीले हाम्रो स्वास्थ्यमा प्रत्यक्ष असर पर्ने भएको हुँदा त्यस्ता सामाग्रीको बिक्री वितरण नगरौं ।
- ➢ व्यापार, व्यवसाय, उद्योग, कलकारखाना सञ्चालन गर्दा सम्बन्धित निकायमा दर्ता गरी इजाजत-पत्र लिएर मात्र सञ्चालन गरौं ।
- ➢ जन्म, मृत्यु, बसाईसराई, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिग घटनाहरुको घटना घटेको ३५ दिन भित्र दर्ता गरौं ।

| सुन्दर प्रसाद श्रेष्ठ | भागिरथी शर्मा भट्टराई | नुन बहादुर थापा |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

**पूर्वखोला गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**पूर्वखोला, पाल्पा**

# न्यायिक समितिसँग प्रहरी साझेदारी कार्यक्रम



पाल्पा, फागुन २८/जिल्लाको रामपुरमा न्यायिक समितिसँग प्रहरी साझेदारी कार्यक्रम भएको छ । नगरपालिका न्यायिक समितिको आयोजनामा रामपुर-६ विजयपुरमा कार्यक्रम भएको हो ।

कार्यक्रममा नगर प्रमुख रमणबहादुर थापाले नगरपालिका न्यायिक समितिका गतिविधिहरुलाई प्रभावकारी बनाउन प्रहरीसँग साझेदारी गरी अगाडि बढेको बताए । उनले न्याय सम्पादनका लागि समिति थप प्रभावकारी बन्नुपर्नेमा जोड दिए । नगर प्रमुख थापाले सभ्य र सुसंस्कृत नगर निर्माणका लागि सबै सचेत हुन आवश्यक रहेको उल्लेख गर्दै पछिल्लो समय हरेक व्यक्तिमा नकारात्मक सोँच हावि भएका कारण विवाद लगायत अपराधिक घटना बढ्दै गएको बताए । साथै जनचेतना र नैतिक ज्ञानको कमीका कारण पछिल्लो समय अपराधिक घटना घटिरहेको उनको भनाई छ ।

यस्तै नगरपालिका भित्र हुने विभिन्न विवादले नगरवासीलाई नै असर पुऱ्याउने भन्दै विवादलाई कानुनी रुपमा छलफलको माध्यमबाट समाधान गर्न आवश्यक रहेको नगर प्रमुख थापाले बताए । उपप्रमुख तथा न्यायिक समितिका संयोजक बालकुमारी थापाले विवादले सामाजिक मेलमिलापलाई असर पार्ने बताइन् । उनले नगरपालिका भित्र भएका विभिन्न विवादलाई मेलमिलापको माध्यमबाट निरुपण गर्दै आएको बताइन् । वडा अध्यक्ष दिवाकर देवकोटाले मेलमिलाप सहितको शान्त समाज निर्माणका लागि सबै सजग हुन आवश्यक रहेको धारणा व्यक्त गरे । कार्यक्रममा ईलाका प्रहरी कार्यालय रामपुर पाल्पाका प्रहरी निरीक्षक राम बहादुर नेपालीले विभिन्न अपराध, लागु औषध, सडक सुरक्षा, साईबर क्राईम, यसको कानुनी उपचारका विषयमा सहजीकरण गरेका थिए । यस्तै न्यायिक समिति सचिवालय सचिव पार्वती परियारले समितिको काम कर्तव्य र अधिकार लगाएतका विषयमा अभिमुखिकरण प्रदान गरेका थिए । सोही अवसरमा लोकनाथ उपाध्याय रेग्मीद्वारा लिखित काव्यसंग्रह तिर्थाटन पुस्तक लोकार्पण गरिएको थियो । साथै स्वर्गीय लोकनाथ उपाध्याय रेग्मीको स्मृतिमा स्थापित अक्षयकोषबाट शिक्षा क्षेत्रमा अतुलनीय योगदान पुऱ्याएको भन्दै राम तुलसी नमुना माविका प्रधानाध्यापक बालकृष्ण लम्साल र पत्रकारिता क्षेत्रमा अतुलनीय योगदान पुऱ्याएको भन्दै पत्रकार सीता डोटेललाई नगद सहित सम्मान गरिएको थियो । उपप्रमुख तथा न्यायिक समितिका संयोजक बालकुमारी थापाको अध्यक्षता, समिति सदस्य खेमराज अधिकारीको स्वागत, समिति सचिवालय सचिव पार्वती परियारको सञ्चालनमा कार्यक्रम भएको थियो ।

---

## खेलकुद समाचार

### पीएम कपमा पुलिसको दोस्रो जित



काठमाडौं, फागुन २८/लुम्बिनी प्रदेशमा जारी प्रधानमन्त्री कप पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगितामा नेपाल पुलिस क्लबले लगातार दोस्रो जित निकाल्दा कोशी प्रदेशले लगातार तेस्रो हार व्यहोरेको छ ।


बुधबार एक्स्ट्राटेक ओभल मैदानमा भएको खेलमा पुलिसले कोशीलाई १५४ रनको फराकिलो अन्तरले हराएको हो । पुलिसले दिएको २८९ रनको बलियो लक्ष्य पछ्याएको कोशी ३६.२ ओभरमा १३४ रनमा अलआउट भयो ।

कोशीका लागि सुजन थपलिया ३३ रनमा अविजित रहे भने कप्तान अंकित सुवेदीले २१ रन बनाए । शाकिब हकले १७ र फिर्दोश अन्सारीले १० रन बनाए । पुलिसका करण केसीले ८ ओभरमा २९ रन दिएर ३ विकेट लिए । ललित राजवंशी र कुशल भुर्तेलले २-२ तथा सागर ढकाल, दिपेन्द्रसिंह ऐरी र गुल्शन झाले १-१ विकेट लिए । त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको पुलिसले ५० ओभरमा ८ विकेट गुमाएर २८८ रन बनायो । पुलिसका लागि कुशल भुर्तेलले सर्वाधिक ६५ रन बनाए । त्यस्तै दिलिप नाथले ६१ रन बनाए । राशिद खान र अर्जुन साउदले समान ३८ रन बनाए भने कप्तान दिपेन्द्रसिंह ऐरीले ३२ तथा गुल्शन झाले २१ रन बनाए । कोशीका भुपाल लुइटेलले १० ओभरमा ३७ रन दिएर ३ विकेट लिए । प्रकाश कार्कीले २ तथा दिपेश कँडेल, फिर्दोश अन्सारी र शर्वन किस्कुले १-१ विकेट लिए । हालसम्म दुई खेलमा जितविहीन रहेको कोशी प्रदेशले लुम्बिनी प्रदेश र मधेश प्रदेशसँग हार व्यहोरेको थियो भने नेपाल पुलिस क्लबले लुम्बिनी प्रदेशलाई हराएको थियो ।

---

## अर्थ/कर्पोरेट समाचार

# यामाहाले ल्यायो 'डब्लूआर १५५आर' बाइक




पाल्पा, फागुन २८/यामाहा नेपालले डब्लूआर १५५ आर बाइक ल्याएको छ । यामाहाले अन-रोड र अफ-रोड एडभेन्चरका लागि डिजाइन गरिएको बहुप्रतीक्षित अल्टिमेट डुअल पर्पोज बाइक नेपाली बजारमा सार्वजनिक गरेको हो ।

यो बाइक एफअफ र अन गरी दुवै सडकमा कुदाउन मिल्ने गरी डिजाइन गरिएको छ । यसमा १५५ सीसी लिक्विड कुल्ड र भीभीए इन्जिन छ । यो नयाँ प्रविधिबाट तयार गरिएको र सबै भू-भागमा कुदाउन सहज हुने कम्पनीको दाबी छ । डब्लूआर १५५ आरमा २४५ एमएम ग्राउन्ड क्लियरेन्स, २१ इन्चको फ्रन्ट ह्वील, राम्रो ब्रेकिङलगायत विशेषता छन् । एडभेन्चर उत्साही र यामाहा ग्राहकलाई विशेष डर्ट ट्र्याक एक्सपिरियन्स दिलाउँदै बाइक सार्वजनिक गरिएको यामाहाले जनाएको छ । यामाहाका कार्यकारी निर्देशक तथा प्रमुख कार्यकारी अधिकृत दीपककुमार अग्रवालले ग्राहकहरुको मागलाई मध्यनजर गरी उक्त बाइक बजारमा ल्याइएको बताए । डब्लूआर १५५ आर यामाहाको डुअल पर्पोज सेगमेन्टमा नवीनतम अफर हो । जुन रोड पर्फर्मेन्समा सम्झौता नगरी अफ-रोड सवारीको रोमाञ्च खोज्नेका लागि भनेर डिजाइन गरिएको छ । यो बाइकमा शक्तिशाली १५५ सीसी लिक्विड कुल्ड, भीभीए इन्जिन जडान गरिएको छ । त्यस्तै हल्का तौल र टिकाउ फ्रेम, लङ ट्राभल सस्पेन्सन, टेलिस्कोपिक फ्रन्ट फोर्क र लिंक टाइप रियर सस्पेन्सन, २ सय ४५ मिलिमिटर ग्राउन्ड क्लियरेन्स र ठूलो २१ इन्च फ्रन्ट ह्विल, उत्कृष्ट ब्रेकिङ प्रणाली लगायत विशेषता छन् ।

---


## रामपुर नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
रामपुर, पाल्पा

## सेवा करारमा कर्मचारी आवश्यकता सम्बन्धी सूचना

(सूचना प्रकाशन मिति: २०८१/११/२८, ने.सं. ११४५ चिल्लाथ्व १३, बुधबार)

यस रामपुर नगरपालिका अन्तर्गत रही कार्य गर्ने गरी तपसिल बमोजिमको पदहरुमा सेवा करार मार्फत जनशक्ति आवश्यक रहेको हुदाँ इच्छुक योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयमा दरखास्त आह्वान गरिन्छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | माग संख्या | आवश्यक न्यूनतम शैक्षिक योग्यता | परीक्षाको किसिम | दरखास्त शुल्क |
|---|---|---|---|---|---|---|
| १ | ०६/०८१/०८२ | सूचना प्रविधि अधिकृत (अधिकृत स्तर छैटौं) | १ | लोकसेवा आयोगले लिने सूचना प्रविधि अधिकृत वा सो सरहको पदको न्यूनतम योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट Computer वा Information and Communications Technologies मा स्नातक उत्तीर्ण वा शिक्षा शास्त्र संकायमा मूल विषय सूचना तथा संचार प्रविधि लिई स्नातक(B.Ed ICT) उत्तीर्ण गरेको वा कम्प्युटर साइन्स लिई ३ वर्ष स्नातक वा विज्ञान(Physics) मा स्नातक गरी स्वीकृत संस्थाबाट सिष्टम एनालिसिस डिजाइन र सफ्टवेयर डेभलपमेन्टमा कम्तिमा ६(छ) महिनाको डिप्लोमा प्राप्त गरेको वा सो सरहको विषयहरु मध्ये कुनै एक विषय (BIT, BIM, BBIS, BCA, BCIS, BEIT, Bsc.IT, BSc.CSIT, BE Electronics and Communication Engineering/B Tech. Electronics and Communication Engineering) लिई स्नातक गरेको | लिखित,प्रयोगात्मक, अन्तरवार्ता | १२०० |
| २ | ०७/०८१/०८२ | वैद्य (चौथो तह) | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सहायक आयुर्वेद कार्यकर्ता कोर्ष उत्तीर्ण | लिखित, अन्तरवार्ता | ५०० |
| ३ | ०८/०८१/०८२ | डोजर अपरेटर (ब्याक हो लोडर) | १ | साधारण लेखपढ | प्रयोगात्मक परीक्षा, अन्तरवार्ता | २५० |
| ४ | ०९/०८१/०८२ | सवारी चालक(हेभी) | १ | साधारण लेखपढ | प्रयोगात्मक परीक्षा, अन्तरवार्ता | २५० |

**१. दरखास्त फाराम साथ पेश गर्नुपर्ने कागजातहरु:**
- विज्ञापन नं. ०६/०८१/०८२ को हकमा:- नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, अनुभव भए सो को प्रमाणपत्रको प्रतिलिपि, तोकिएको पदको लागि सम्बन्धित काउन्सिलमा दर्ता भएको प्रमाणपत्र, ३ प्रति पासपोर्ट साइज फोटो
- विज्ञापन नं. ०७/०८१/०८२ को हकमा:- नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, अनुभव भए सो को प्रमाणपत्रको प्रतिलिपि, तोकिएको पदको लागि सम्बन्धित काउन्सिलमा दर्ता भएको प्रमाणपत्र, ३ प्रति पासपोर्ट साइज फोटो
- विज्ञापन नं. ०८/०८१/०८२, ०९/०८१/०८२ को हकमा:- नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, ३ प्रति पासपोर्ट साइज फोटो, विज्ञापन नं. ०८/०८१/०८२ को हकमा डोजर (ब्याक हो लोडर) सवारी चालक अनुमति प्राप्त (लाइसेन्स) को प्रतिलिपि र विज्ञापन नं. ०९/०८१/०८२ को हकमा सवारी चालक(हेभी) अनुमति प्राप्त (लाइसेन्स) को प्रतिलिपि

**२. उमेर हद :** विज्ञापन नं. ०६/०८१/०८२ को हकमा २१ वर्ष उमेर पुरा भई पुरुषको हकमा ३५ र महिलाको हकमा ४० वर्ष ननाघेको विज्ञापन नं. ०७/०८१/०८२ हकमा :१८ वर्ष उमेर पुरा भई ४५ वर्ष ननाघेको, विज्ञापन नं. ०८/०८१/०८२ र विज्ञापन नं.०९/०८१/०८२ को हकमा: १८ वर्ष उमेर पुरा भई पुरुषको हकमा ३५ र महिलाको हकमा ४० वर्ष ननाघेको

**३. तलब, सुविधा:** विज्ञापन नं. ०६/०८१/०८२ को हकमा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) कार्यक्रम समन्वय इकाई, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले तोकेको कार्यविधि बमोजिम हुनेछ, अन्य विज्ञापनको हकमा कार्यालयको निर्णयानुसार हुनेछ

**४. सम्पूर्ण विज्ञापनको परीक्षा नगरपालिकाको कर्मचारी छनौट कार्यविधि बमोजिम हुनेछ ।**

**५. दरखास्त फाराम पाउने स्थान: रामपुर नगरपालिकाको कार्यालय प्रशासन शाखा**

**६. परीक्षा हुने मिति, समय र स्थान पछि प्रकाशन गरिनेछ ।**

**७. सम्पर्क नं. ९८५७०७४१४५, ९८५७०६२३४६, फोन नं. ०७५४००१४५**

पदपूर्ति समिति
रामपुर नगरपालिका,
रामपुर, पाल्पा


---

## सद्भाव र प्रेमको...

**...मर्यादित भएर मनाउन अनुरोध**

सरकारले मर्यादित र सभ्य भएर होली पर्व मनाउन सबैमा अनुरोध गरेको छ । होलीको अवसरमा शान्ति सुरक्षामा असर पर्ने गरी सार्वजनिक स्थानमा होहल्ला एवं झैंझगडा, मादक पदार्थको सेवन गरी पारिवारिक एवं सामाजिक जनजीवन तथा सार्वजनिक मर्यादा र शान्तिमा खलल, कसैको इच्छाविपरीत रङ एवं पानीको लोला हान्ने, पानीको फोहोरा हान्ने, जबर्जस्ती रङ दल्ने काम नगर्न र अति उत्तेजित भई भागदौड गर्दा दुर्घटनामा परी ज्यानसमेत जान सक्ने हुँदा यस्ता अमर्यादित कार्य नगर्न/नगराउन सरकार ले सबैमा अनुरोध हो । आफ्नो अधिकार को उपयोग गर्दा अरूको अधिकार हनन नहुने गरी सांस्कृतिक पर्व मर्यादित, अनुशासित एवं व्यवस्थित ढङ्गले मनाउन सरकारी निकायबाट आग्रह गरिएको छ ।

---


## बालबालिकामा शिक्षाको पहुँच पुऱ्याऔं

- उमेर पुग्ने बित्तिकै बालबालिकालाई विद्यालय भर्ना गरौं,
- विद्यालयमा बालबालिका रमाउने वातावरण सिर्जना गरौं,
- घरपरिवारमा सिकाइको वातावरण तयार गरौं,
- बालबालिका मैत्री शिक्षण सामग्री प्रयोग गरौं,
- बालबालिकाको रुचि बमोजिम खेल्दै, पढ्दै सिक्ने वातावरण निर्माण गरौं,
- बालबालिकाको फरक क्षमता अनुसार सिकाइको अवसर प्रदान गरौं,
- बालबालिकालाई पढाइका साथसाथै अतिरिक्त क्रियाकलापमा समेत सहभागी गराऔं,

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला, कानुन तथा सञ्चार मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई